"स्थानीय तहको सञ्चार सारथी"

# पालिका सन्देश

साप्ताहिक

**पालिका सन्देश सूचना !**

*पत्रिका नियमित नभएमा, ठेगाना परिवर्तन गर्नुपरेमा, समाचार, सूचना तथा विज्ञापन प्रकाशन गर्नुपरेमा वा अन्य कुनै गुनासो भएमा ९८६१०४२८०४ नम्बरको वाट्सएमा म्यासेज गर्न सक्नुहुनेछ । वा सिधैं फोन गर्न सक्नुहुनेछ ।*

।। वर्ष : १ ।। अंक : ४६ ।। ।। २०८० फागुन १६ बुधबार ।। 28 Jan. 2024, Wednesday ।। पृष्ठ : ४ ।। मूल्य : रु. ५/- ।। www.palikasandesh.com

# देशभर ५७ लाख बढी बालबालिकालाई दादुरा–रुबेला खोप लगाइँदै

**पालिका सन्देश ।** सरकारले देशभरका ५७ लाख ४२ हजार ९९३ बालबालिकालाई दादुरा-रूबेला खोप लगाउने योजना सहित खोप कार्यक्रम सुरू गरेको छ । स्वास्थ्य तथा जनसत्त्या मन्त्रालयका अनुसार ५७ लाख ४२ हजार ९९३ बालबालिकामध्ये ५ वर्षदेखि १५ वर्ष मुनिका ३६ लाख १२ हजार ३१० र ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिका २१ लाख ३० हजार ६८३ बालबालिकालाई दादुरा-रूबेला खोपमा लगाउन लागेको हो ।

देशव्यापीरूपमा दादुरा-रूबेला खोप अभियान फाल्गुन १३ गतेबाट सुरूभएसंगै चैत्र ७ गतेसम्म जारी रहनेछ । यसबीच दादुरा-रूबेला खोप ५७ लाख बढी बालबालिकालाई लगाइनेछ । कोशी प्रदेशमा ८ लाख ९३ हजार ७४३ बालबालिकालाई सो खोप लगाउने मन्त्रालयले जनाएको छ । यी बालबालिकामध्ये ५ वर्षदेखि १५ वर्ष मुनिका ५ लाख ५९ हजार २२४ र ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिका ३ लाख ३४ हजार ५१९ छन् ।

**बुद्धशान्तिमा १८ हजार बढीलाई खोप लगाइने**

बुद्धशान्ति गाउँपालिकामा पनि आगामी फागुन २१ गतेदेखि चैत्र ४ गतेसम्म ९ महिना देखि माथिका १५ बर्ष सम्मका बालबालिकालाई



दादुरा-रूबेला खोप अभियान चलाइने भएको छ । यसका लागी गाउँपालिकाले पालिका स्तरीय खोप समन्वय समिति अभिमुखीकरण समेत सम्पन्न गरेको छ । त्यस्तै मंगलबारबाट वडास्तरीय अभिमुखीकरणका साथै स्वास्थ्यकर्मीलाई समेत तालिम दिने तयारी गरिएको बताइएको छ ।

७ वटा वडा रहेको गाउँपालिकामा १ नं वडामा ३ हजार ७१६, २ नं वडामा ४ हजार ११८ जना, ३ नं वडामा ४ हजार ६३३ जना, ४ नं वडामा ३ हजार ६२ जना, ५ नं वडामा १ हजार ५१६ जना, ६ नं वडामा ६९० जना र ७ नं वडामा ७३१ गरी १८ हजार ४ सय ६६ जना बालबालिकाहरूलाई खोप लगाइने बुद्धशान्ति गाउँपालिका स्वास्थ्य शाखा सह-संयोजक उमा उप्रेती अधिकारीले बताएकी छिन् । उनका अनुसार खोप सञ्चालनका लागि ३३ वटा केन्द्र तय गरिएको छ । खोपकेन्द्र बुद्धशान्तिका सबै विद्यालय हुनेछन् । खोपका लागी ८९ जना स्वास्थ्यकमी र १२५ जना स्वयंमसेवीका खटाइने बताइएको छ ।

**के हो दादुरा रोग ?**

दादुरा एक प्रकारको आरएनए भाइरसबाट लाग्ने संक्रामक रोग हो । निर्देशिकामा उल्लेख गरिए अनुसार यो भाइरस मानिसमा मात्र सर्दछ । दादुरा धेरै छिटो सर्ने अतिसंक्रामक किसिमको भाइरस भएको चिकित्सकले जनाएका छन् । त्यसैले यो रोगले छिटै महामारीको रूप लिने गरेको पाइएको छ । यो रोग कुनै पनि उमेरका मानिसलाई हुनसक्छ तर ५ वर्षमुनिका बालबालिकामा बढी देखिने गरेको निर्देशिकामा उल्लेख छ ।

**रोग सर्ने तरिका ?**

दादुरा संक्रमण भएको व्यक्तिको नाक तथा घाँटीमा दादुराको भाइरस हुन्छ । यो भाइरस नाक तथा घाँटीमा बृद्धि भइ यसले श्वासप्रश्वास नली एवम् शरीरको अन्य भित्री अङ्गहरुमा संक्रमण गर्दछ । रोगीको खकार, सिंगानको सम्पर्कमा आउँदा वा रोगीले

*बाँकी पृष्ठ २ मा*

# झापाका स्थानीय तहको कार्य सम्पादन कमजोर

**बिर्तामोड (पालिका सन्देश) ।** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कन प्रकाशित गरेको छ । आयोगले प्रकाशित गरेको विवरण अनुसार अधिकांश पालिकाको कार्यसम्पादन कमजोर देखिएको छ । आयोगले गत आर्थिक वर्षको कार्य सम्पादन मूल्याङ्कन प्रकाशित गरेको हो । प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन कार्यविधि २०७८ को दफा ७ बमोजिम प्रदेश तथा स्थानीय तहको कार्य सम्पादन मूल्याङ्कन प्रकाशित गरेको आयोगले जनाएको छ । आयोगले विभिन्न १६ वटा सूचकहरूको आधारमा स्थानीय तहहरूको मूल्याङ्कन गरेको हो ।

**कुन पालिकाको कति ?**

झापाका अधिकांश पालिकाहरूको कार्यसम्पादन कमजोर देखिएको छ । आयोगले निर्धारण गरेको विभिन्न सूचकहरूको ७६ अङ्कमध्ये झापाका कुनै पनि पालिकाले ५० प्रतिशत अङ्क प्राप्त गर्न सकेका छैनन् । झापाका १५ पालिकामध्ये बिर्तामोड नगरपालिकाले सबैभन्दा बढी ३७.४३ अङ्क प्राप्त गरेको छ । यो ४९.२५ प्रतिशत हो । त्यस्तै कचनकवल गाउँपालिकाको कार्यसम्पादन अत्यन्तै कमजोर देखिएको छ । कचनकवलले १७.४४ अङ्कमात्र प्राप्त गरेको छ । यो २२.९४ प्रतिशत हो । त्यस्तै मेचीनगर नगरपालिका २७.४६, बुद्धशान्ति गाउँपालिका २८.९८, अर्जुनधारा नगरपालिका २६.२६, कनकाई नगरपालिका २३.९४, शिवसताक्षी नगरपालिका ३५.८५, कमल गाउँपालिका २७.६६, दमक नगरपालिका ३६.५७, गौरादह ३१.९, गौरीगञ्ज २०.६५, झापा २५.८, बाह्रदशी २१, हल्दिबारी ३२.३९, भद्रपुर ३०.४७ रहेको छ ।

आयोगले गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाले २०८० असार १० गतेभित्र आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको अनुमान सम्बन्धी गाउँ तथा नगरसभामा पेश गरेको/नगरेको, स्थानीय तहले आर्थिक वर्ष २०७९/८० को बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत् सम्बन्धी विवरण २०८० कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको, स्थानीय तहको आर्थिक वर्ष २०७९/८० को विनियोजित रकम अनुसार खर्चको अवस्था, स्थानीय तहले आवधिक योजना तर्जुमा गरे/नगरेको, आर्थिक वर्ष २०७९/८० मा चार पटक गर्भ जाँच गर्ने महिलाको अनुपात, पूर्ण खोप पाएका बालबालिकाको अनुपात, २०७८/७९ को लेखा परीक्षणबाट औल्याएको बेरूजुको अवस्था आदिलाई सूचकको रूपमा राखेर अङ्कभार तोकेको थियो । सोही अङ्कभारको आधारमा आयोगले देशका ७५३ वटै स्थानीय तहहरूको मूल्याङ्कन गरेको जनाएको छ ।




# दुध आयातमा लगाइएको प्रतिबन्धको डेरी संघद्वारा स्वागत

**झापा ।** कोशी प्रदेशको डेरी उद्योग संघले नेपाल सरकारद्वारा दुग्धजन्य पदार्थको आयातमा लगाइएको प्रतिबन्धको स्वागत गरेको छ । संघमा आवद्ध आठ वटा ठूला डेरी उद्योगका सञ्चालकहरूको बैठकले हालै दुग्धजन्य पदार्थको आयातमा सरकारले लगाएको प्रतिबन्धले स्वदेशी डेरी उद्योगलाई राहत पुग्ने ठहर गरेको हो ।

"संघले सात बुँदे निर्णय गरेको छ," संघका संयोजक रामचन्द्र उप्रेतीले बैठकका निर्णय बारे जानकारी दिदै भने-"आयात खुला रहँदा स्वदेशी उत्पादन नबिक्ने समस्या भइरहेको थियो । नेपाल सरकारले हालै आयात रोक्न गरेको निर्णयले हामी खुशी भएका छौं ।" संघले किसानहरूबाट खरिद गर्दै आएको दुधको भुक्तानी नियमित गर्ने निर्णय गरेको संयोजक उप्रेतीले जानकारी दिए । कोशी प्रदेशमा सहकारी र निजी डेरीले

*बाँकी पृष्ठ ४ मा*









# सरकारी जग्गा रैकर बनाएको आरोपमा १७२ विरुद्ध मुद्दा दायर

**बिर्तामोड** । झापाको दमकस्थित बालुवाटारको ३९७ रोपनी ८ आना जग्गा गैरकानुनी तरिकाले 'रैकर' कायम गराएको आरोपमा अख्तियारले मुद्दा दायर गरेको छ । जग्गा हालसाबिक गर्दा व्यक्तिको नाममा घुसाएको आरोपमा १७२ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरिएको अख्तियारका प्रवक्ता (सहसचिव) नरहरि घिमिरेले बताए ।

रतुवा र दिपिनी खोलाको दोभानबाट उत्तरतर्फको सार्वजनिक जग्गा हिनामिना संलग्न नापी कार्यालय दमकका १० जना कर्मचारी, मालपोत कार्यालयका झापाका ११ जना कर्मचारी र नापी कार्यालय चन्द्रगढीका ७ जना कर्मचारीलाई अख्तियारले प्रतिवादी कायम गरेको छ । गैरकानुनी तरिकाले आफ्नो जग्गामा सरकारी जग्गा घुसाउने ३६ जना तथा जग्गा जफत प्रयोजनका लागी १०८ जनासहित १७२ जनालाई प्रतिवादी बनाइएको आयोगका प्रवक्ता घिमिरेले जानकारी दिए ।

आरोपीहरूले न्यूनतम मूल्य ३४ करोड ६६ लाख ५४ हजार पर्ने जग्गा दोस्रो नापीमा 'रैकर' कायम गराएर नापनक्सा सहित हालसाबिक पुर्जा लिएका हुन् । २०२१ सालको नापीमा सो जग्गा सरकारी कायम रहेको अख्तियारको अनुसन्धान निष्कर्ष छ ।

# नेपाली क्रिकेटरको तलब बढ्यो, कस्को कति ?

**झापा** । नेपाली पुरुष राष्ट्रिय क्रिकेट खेलाडी मासिक तलब १ लाख रूपैयाँ पाउने भएका छन् । नेपाल क्रिकेट संघ (क्यान) को फागुन १२ र १४ गते बसेको केन्द्रीय समिति बैठकले यस्तो निर्णय गरेको हो । तर शीर्ष महिला राष्ट्रिय खेलाडीले त्यसको आधा ५० हजारमात्र मासिक तलब पाउनेछन् ।

यसअघि शीर्ष श्रेणी अन्तर्गत 'ए' श्रेणीमा रहेका खेलाडीले ६० हजार मासिक तलब पाइरहेका थिए । क्यानले सन् २०२४ का लागि गरेको केन्द्रीय सम्झौतामा पुरुष खेलाडीको शीर्ष श्रेणीको तलब ४० हजारले बढाएको हो । पाँच श्रेणी बनाई पुरुषतर्फ ३० र महिलातर्फ १९ खेलाडीलाई केन्द्रीय सम्झौतामा राखिएको छ । यसअघि पुरुष खेलाडीलाई तीन श्रेणीमा वर्गीकरण गरिएको थियो । उनीहरूले क्रमशः ६०, ५० र ४० हजार तलब पाएका थिए ।

'ए' श्रेणीमा रहेका कप्तान रोहित पौडेल, सोमपाल कामी, करण केसी, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख र कुशल भुर्तेलले मासिक १ लाख पाउनेछन् । 'बी' श्रेणीमा कुशल मल्ल, गुलशन झा, भीम सार्की, ललितनारायण राजवंशी, आरिफ शेख र अविनाश बोहरा छन् । उनीहरूले मासिक ७० हजार पाउनेछन् । श्रेणी 'सी' मा विनोद भण्डारी, अर्जुन साउद, सन्दीप जोरा र प्रतिस जिसी तथा श्रेणी 'डी' मा पवन सर्राफ, सागर ढकाल, अनिल शाह, विवेक यादव, आकाश चन्द, बसिर अहमद र सूर्य तामाङ छन् । 'सी' ले ५५ हजार र 'डी' मा रहनेले मासिक ३५ हजार पाउनेछन् ।

क्यानले पहिलो पटक इमर्जिङ श्रेणी बनाएको छ, त्यसमा सातै प्रदेशका १-१ खेलाडी राखिएको छ । जसअनुसार कोशीबाट दीपेश कँडेल, मधेशबाट रूपेश सिंह, वाग्मतीबाट रिजन ढकाल, गण्डकीबाट विपिन खत्री, लुम्बिनीबाट देव खनाल, कर्णालीबाट अर्जुन खत्री र सुदुरपश्चिमबाट हेमन्त धामी छन् । उनीहरूको मासिक तलब २५ हजार रहेको छ ।

महिलातर्फ शीर्ष श्रेणी 'ए' मा रहेका खेलाडीले पुरुषको 'सी' श्रेणीमा रहेकाले पाउने बराबरको तलब पाउनेछन् । महिलातर्फ यसअघि ३ श्रेणीमा खेलाडीको वर्गीकरण गरिएको थियो । उनीहरूले क्रमशः २१, १८ र १५ हजार मासिक तलब पाएका थिए ।

यसपालि ५० हजार तलब पाउने 'ए' श्रेणीका महिला खेलाडीमा कप्तान इन्दु बर्मा, पूर्वकप्तान रुबिना क्षेत्री र सीता रानामगर छन् । 'बी' श्रेणीमा रहेकी कविता कुँवरले ३५ हजार तथा 'सी' श्रेणीमा रहेकी पूजा महतो, अस्मिना कर्माचार्यले ३० हजार मासिक तलब पाउनेछन् । अप्सरी बेगम, कविता जोशी, संगीता राई, काजोल श्रेष्ठ र बिन्दु रावल 'डी' श्रेणीमा छन् । उनीहरूले २५ हजार तलब पाउनेछन् ।

इमर्जिङ श्रेणीमा सोनी पाखिन, खुशी डंगोल, ज्योत्सनिका मरासिनी, कञ्चन श्रेष्ठ, रुबि पोदार, सृष्टि जैसी, सम्झनाकुमारी खड्का र सना प्रविनले मासिक २० हजार पाउनेछन् ।

## दुध...

किसानहरूबाट संकलन गरेको दुधको भुक्तानीमा ठूलो समस्या नरहेको समेत उनले बताए ।

कोशी प्रदेशमा रहेका डेरी उद्योगहरूमा नौनी घिउ, पाउडर र छुर्पीको स्टक आवश्यकभन्दा ज्यादा भएको जनाउँदै बैठकले आन्तरिक खपतमा स्थानीय उत्पादन र उद्योगीलाई पहिलो प्राथमिकता दिने निर्णय गरेको छ । बैठकमा एनएमसी डेरी उद्योग, सगरमाथा डेरी संघ, कामधेनु दुग्ध सहकारी, रितिका डेरी उद्योग, शिवम् डेरी इन्डस्ट्रिज, गोरस डेरी प्रालि, जीवन विकास डेरी र मदानी मिल्क हाउसका सञ्चालकहरूको सहभागिता रहेको थियो ।

# अन्तरपालिका टि-२० क्रिकेटको उपाधि बिर्तामोडलाई

**बुद्धशान्ति** । प्रथम झापा जिल्ला अन्तरपालिकास्तरीय पुरुष टि२० क्रिकेट प्रतियोगिताको उपाधि बिर्तामोड नगरपालिकाले जितेको छ । झापाको बुधबारेमा सम्पन्न फाइनल खेलमा कचनकवल गाउँपालिकामाथि शानदार जित निकाल्दै बिर्तामोड च्याम्पियन बनेको हो ।

फाइनलमा बिर्तामोडले कचनकवलमाथि ११९ रनको फराकिलो जित निकालेको थियो । कचनकवलको फितलो ब्याटिङ र कमजोर बलिङको फाइदा उठाउँदै बिर्तामोड प्रतियोगिताको नायक बन्यो ।

टस जितेर पहिले ब्याटिङ रोजेको बिर्तामोडले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १९६ रन बनाएको थियो । बिर्तामोडका लागि दिपु भुजेलले ५४ रन बनाए । कचनकवलका विक्रम माझीले २ विकेट लिएका थिए । १९७ रनको लक्ष्य पछ्याएको कचनकवल १४ ओभरमा अलआउट भयो । ७७ रन जोड्न सकेको कचनकवलका अनिल लामिछानेले १६ रन बनाएका थिए । बिर्तामोडका रोहित राजवंशीले २ विकेट र विशाल आचार्यले ३ विकेट लिए । ५४ रन बनाएका दिपु भुजेल फाइनल खेलको प्लेयर अफ दि म्याच भए ।

यसबीच, प्रतियोगिताको उत्कृष्ट विकेट किपर कनकाई नगरपालिकाका प्रनिस बिमली, उत्कृष्ट फिल्डर बुद्धशान्ति गाउँपालिकाका रिजन आङदेम्बे, उत्कृष्ट बलर बिर्तामोडका रोहित राजवंशी, उत्कृष्ट ब्याट्सम्यान बिर्तामोडका सिवान्स बजगाई भए । इमर्जिङ प्लेयर बिर्तामोडका दिपु भुजेल घोषित भए भने सर्वोत्कृष्ट खेलाडी कचनकवलका टिम क्याप्टेन अनिल लामिछाने भए । झापा गाउँपालिकाले फेयर प्ले अवार्ड प्राप्त गर्न सफल भयो ।

उपाधिसँगै बिर्तामोडले नगद एक लाख, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्यो भने उपविजेता कचनकवलले नगद ५० हजार, ट्रफी, मेडल र प्रमाणपत्र पायो । बर्खा स्मृति प्रतिष्ठान बुद्धशान्तिको आयोजनामा भएको प्रतियोगिताका विधागत खेलाडीलाई नगद ५ हजार र सर्वोत्कृष्ट खेलाडीले १० हजार पुरस्कार पाए ।

विजेता तथा उपविजेतालाई प्रतिष्ठानका अध्यक्ष मदनकुमार प्रसाईं, बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईं, भद्रपुर झापा गोल्ड कपका अध्यक्ष दिपेश ढकाल लगायतले पुरस्कार वितरण गरेका थिए ।

# सहकारीमार्फत बेसार प्रवर्धन गर्दै रोङ

**रोङ** । इलामको रोङ गाउँपालिकाले सहकारी मार्फत बेसार प्रवर्धन अभियानमा लागेको छ । पालिकाले यसअघि गुन्द्रुक, र सिस्नोको उत्पादनलाई ' ब्राण्डिङ' र बजारीकरण गरेको थियो । पहिलो चरणमा गाउँपालिकाले बेसारको बीउ वितरण गरेको छ ।

स्थानीय सहकारीमार्फत बेसारको बीउ वितरण सुरु गरिएको गाउँपालिकाका अध्यक्ष मणिकुमार स्याङ्बो(सुवास)ले बताए । उनले गाउँपालिकाभित्र रहेको इको चिया उत्पादक सहकारीमार्फत ४५ जना किसानलाई अनुदानमा आठ सय ४० किलोग्राम बेसार उपलब्ध गराएको बाए । उत्पादन भएको बेसार सहकारीले नै खरिद गर्ने र प्रतिकिलोग्राम ४० रूपैयाँका दरले किसानबाट काँचो बेसार खरिद गर्ने बताइएको छ । सुरुमा ४५ जना किसानलाई दिइएको बीउबाट उत्पादन भएको बेसार अन्य किसानलाई समेत उपलब्ध गराइने छ र पर्याप्त उत्पादनपछि बाहिर निकास गर्न थालिने बताइएको छ ।

गाउँपालिकामा बेसारको राम्रो उत्पादन हुँदै आएको छ । बेसार १० गुना बढी फल्ने गरेको किसान बताउँछन् । बाँदरलगायतका जंगली जनवारले बाली नष्ट गरेपछि किसान बेसार उत्पादनमा आकर्षित भएका हुन् । एक किलोग्राम बेसारबाट १० किलोग्रामसम्म उत्पादन हुने गरेको किसानको भनाइ छ । किसान शान्तकुमारी लाप्चाले एक किलोग्राम बेसारको बीउबाट १६ किलो बेसार उत्पादन गरेको अध्यक्ष स्याङ्बोले बताए । गाउँपालिकाले सबै छवटै वडामा बेसार खेती विस्तार गर्ने लक्ष्य लिएको छ । गाउँपालिका र जिल्लाबाहिर बेसार निर्यात गर्न सकिने भएकाले किसानलाई व्यावसायिकतातर्फ उन्मुख गराउन यस्तो कार्यक्रम ल्याइएको अध्यक्ष स्याङ्बोले बताए ।

गाउँपालिकाले कपुरबोट जातको बेसार किसानलाई वितरण गरेको छ । गाउँपालिकाले यसअघि 'रोङ मह' र गुन्द्रुक ब्राण्डिङ गरेको छ भने सिस्नो बजार पुर्याउन थालेको छ । उत्पादन सुरु भएपछि 'रोङ बेसार'लाई पनि ब्राण्डिङ गरिने जनाइएको छ ।


**श्री पशुपति ज्वेलरी शप**
बुद्धशान्ति-३, झापा

हाम्रा सेवाहरु :
यहाँ पुराना तथा आधुनिक डिजाइनका गरगहनाहरु
उचित मुल्यमा पाउनुका साथै ग्रह तथा राशीका पत्थरहरु
सुफत मुल्यमा पाइन्छ ।



'ग्राहकको सन्तुष्टि नै हाम्रो चाहाना हो ।'
सम्पर्क : ९८४२६९६८२७/ ९८१५०१८९७०



**अबतपाई हाम्रो शहर बुधबारेमा**
लिला डाइग्नोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु :

**डा.दिनेश पोखेल**
एमबीबीएस एमडी रेडियोलोजिस्ट
भिडियो एक्सरे, युसीजी सेवा
(प्रत्येक आइतबार र मंगलबार बिहान १०:०० बजेदेखि)

**डा. आकाश कोइराला**
एमबीबीएस एमडी, वरिष्ठ फिजिसियन (BPKIHS DHARAN)
पेट, छाती, दम, मुटु रोग विशेषज्ञ
(प्रत्येक दिन दिनको ३:०० बजेबाट)

**डा.दिपायल पाण्डे**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ट छाला, यौन तथा सौन्दर्य रोग विशेषज्ञ
डेल्फी स्किन दमकबाट (हरेक बिहीबार १:०० बजेबाट)

**डा.ज्योती अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ट बाल रोग तथा नवजात रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**डा. अजय अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

नोट : यहाँ प्याथोलोजी, ल्याब, भिडियो एक्सरे, फार्मेसीको सुविधा समेत उपलब्ध छ ।

*दैनिक डिजिटल एक्सरेको सेवासँगै थाइराइड, भिटामिन बी १२, भिटामिन डी पनि दैनिक परिक्षण गरिन्छ ।*

**लिला डाइग्नोष्टिक सेन्टर**
बुद्धशान्ति-१, बुधबारे बजार (बीच चोक) पुरानो चिउरा मिल अगाडि
सम्पर्क नं. ९८२४२०५३३०/९८४९५०९८१७



घर जग्गा खरिद बिक्रीका लागि सदैव
**हामीलाई सम्झनुहोस् ।**
**झापाली दाहाल्स मल्टी पर्पोज कम्पनी प्रा.लि**
बुद्धशान्ति-३, बुधबारे, झापा

**मनेष दाहाल**
प्रोपाइटर

**निर्देश गुरुङ**
व्यवस्थापक

सम्पर्क : ९८५२६७८६४५, ९८४२६९६८८८



**दादुरा-रुबेला खोप अभियान**
पूर्ण खोप, सुरक्षित भविष्य
**२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म**




दादुरा, रुबेला अतिनै संक्रामक र प्राणघातक रोगहरु हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । त्यसैले आफ्ना बालबालिकालाई दादुरा-रुबेला खोप लगाएर यी रोगहरु लाग्नबाट बचाऔं ।

यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुट नियमित खोप पनि दिइदैछ । त्यसैले नियमित खोप छुटेको भए खोप केन्द्रमा जाँदा नियमित खोप कार्ड पनि लिएर जानु होला ।

खोप निःशुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

आफ्नो गाउँ-टोलमा सञ्चालन हुने खोप केन्द्रको नाम, सञ्चालन हुने मिति र उमेर समूहबारे थाहा पाउन महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा नजिकैको स्वास्थ्य संस्था वा वडा कार्यालयमा सम्पर्क गर्नुहोस् । खोप अभियान सम्बन्धि थप जानकारीका लागि पैसा नलाग्ने नं ११९५ मा सम्पर्क गर्नुहोला ।

**बुद्धशान्ति गाउँपालिका**
स्वास्थ्य शाखा, बुधबारे (झापा)



पी.एस.टी नेपाल मिडिया प्रा.लिद्वारा प्रकाशित पालिका सन्देश साप्ताहिक, कार्यालय : बुद्धशान्ति-३ झापा, सम्पर्क :९८६१०४२८०४, अध्यक्ष : सुरज दंगाल कार्यकारी सम्पादक : विष्णुप्रसाद लामिछाने, सम्पादक : तीर्थराज तिम्सिना
क.दर्ता नं २६०८९९/०७७/०७८, इमेल : palikasandesh@gmail.com,tirthatimsina508@gmail.com, ले-आउट : सन्तोष शर्मा, मुद्रण : श्री गणपति अफ्सेट प्रेस, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

असफलता त्यो अवसर हो जसले अझै सच्चिएर अघि बढ्ने मौका दिन्छ ।

– **हेनरी फोर्ड ।**

## सम्पादकीय

# खोप अभियानलाई सफल पारौं

**सरकारले दादुरा–रुबेला खोप अभियान सुरुवात गरेको छ। यो अभियान फागुन १३ गतेदेखि सुरु भएको छ भने चैत ७ गतेसम्म जारी रहनेछ। खोप भारतसँग सीमा जोडिएका दादुरा–रुवेलाको अति सङ्क्रमित २१ जिल्ला तथा काठमाडौं उपत्यकाका तीन जिल्ला गरी २४ जिल्लामा ९ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई लगाइनेछ। यस्तै, ५१ जिल्लाका ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई पनि खोप लगाइनेछ। खोप बिहान १० बजदेखि दिउँसो ४ बजेसम्म बालबालिकालाई विद्यालय तथा खोप केन्द्रमा लगाइनेछ। स्वास्थ्य सेवा विभाग, बाल स्वास्थ्य तथा खोप शाखाका अनुसार ९ महिनादेखि ५ वर्षमुनिका २१ लाख ३० हजार ६ सय ८३ बालबालिका र ५ वर्षदेखि १५ वर्षमुनिका ३६ लाख १२ हजार ३ सय १० बालबालिका गरी कूल ५७ लाख ४२ हजार ९ सय ९३ बालबालिकालाई खोप लगाउने लक्ष्य छ।**

**पछिल्लो समय नेपालमा ५ वर्ष मुनिका बालबालिकाहरु मृत्यु गराउने प्रमुख कारण मध्ये दादुरा–रुवेला रोग एक हो। दादुरा खोपबाटै विश्वमा दादुरा रोगमा कमी आएको छ। नेपालमा सन् २००४ र सन् २००८ मा दादुरा खोप अभियान सञ्चालित थियो। फलस्वरुप नेपालमा ५ वर्ष मुनिका बालबालिकाहरुमा सन् १९९० को दशकको तुलनामा बालमृत्युदरमा ५० प्रतिशतले कमी आएको छ। दादुरा रोगीको उपचार गर्नु भनेको दादुरा रोगबाट उत्पन्न जटिलताहरुको उपचार गर्नु हो। दादुरा खोप नै दादुरा रोगबाट बच्ने एकमात्र भरपर्दो उपाय हो।**

**यो नियमित खोप सेवा अन्तर्गत ९ महिनादेखि १ वर्ष उमेरभित्र र दादुरा खोप अभियानमा थप डोज लगाउनु पर्दछ। यसर्थ यो अभियानमा आफूलाई पायक पर्ने स्थान र मितिमा ९ महिना देखि १५ वर्षमुनिका बालबालिकाहरुलाई दादुरा रुबेला खोप लगाउन नछुटाऔं। दादुरा रुबेला खोप सुरक्षित र प्रभावकारी खोप हो। खोप पाउनु बाल अधिकार र अवसर पनि हो। तसर्थ, खोप अभियानमा सबै सहभागी बनौं, सहभागी बन्न प्रेरित गरौं। बालमृत्युदर तथा बालरोग दर घटाउने यो राष्ट्रिय दादुरा रुबेला खोप अभियान सफल पारौं।**

# हजार सपना छोडेर गए भक्तराज

**पालिका सन्देश ।** अग्रज गायक तथा संगीतकार भक्तराज आचार्य हामीमाझ रहेनन् । उनको सोमबार अपराह्न ८२ वर्षको उमेरमा निधन भएको छ । ललितपुरको भैंसेपाटीमा बस्दै आएका आचार्यलाई दम बढेपछि ललितपुरको मेडिसिटी अस्पताल लगिएको थियो । तर, बाटोमै निधन भएको उनका परिवारले जनाएका छन् । उनी स्वरसम्राट नारायण गोपालका समकालीन गायक हुन् ।


'लामो समयदेखि श्वासप्रश्वासको समस्या भोगिरहेका उनलाई अचानक अक्सिजन लेभल कम भएपछि अस्पताल लैजाँदै गर्दा बाटोमै निधन भएको थियो । भजन शिरोमणिको उपाधि पाएका गायक आचार्य गत दसैंमा लडेर घाइते भएका थिए । जसका कारण उनको टाउकोमा चोट लागेको थियो । त्यसपछि घरमै आराम गर्दै आएका उनी लामो समयदेखि दूध मात्र पिएर बाँचिरहेका थिए ।

१९९९ सालमा धनकुटामा जन्मिएका आचार्यको बाल्यकाल भारतको डुम्सीपाडामा बितेको थियो । धनकुटामा रोगको महामारी फैलिएपछि आचार्य परिवार त्यहाँबाट भारतको डुम्सीपाडामा बसाइँ सरेका थिए । भक्तराजले बाल्यकालमै बुबालाई गुमाए । त्यसपछि उनको परिवारमा झनै आर्थिक समस्या आएको थियो । तथापि, आमाले चिया बगानमा मजदुरी गरेर उनलाई हुर्काएकी थिइन् । त्यतिबेला उनी आमासँग चिया बगानमा रमाउँदै गीतहरु गाउँथे । यहाँसम्मकी उनले अध्ययनभन्दा गायनमा आफ्नो समय खर्चिन थाले ।

साथीहरूले स्वरको प्रशंसा गरेपछि भक्तराजले गायक बन्ने सपना देख्न थाले । तर, त्यहाँ बसेर गायक बन्ने उनको सपना पूरा हुने अवस्था थिएन । पढाइभन्दा विभिन्न सांगीतिक कार्यक्रममा उनको लगाब बढेपछि आमाले पनि नाई भन्न सक्ने अवस्था आएन । त्यसबेला नेपाली संगीतवृत्तमा नारायण गोपाल चर्चामा थिए । भक्तराजलाई पनि उनका गीत मन पर्थ्यो । त्यसपछि गायक बन्नकै लागि उनी काठमाडौं छिरेका थिए ।

काठमाडौं आउँदा उनीसँग हार्मोनियम, एउटा टिनको बाकस, केही कपडा र पुस्तक थिए । केही वर्ष काठमाडौं बसेर संघर्ष गर्दा पनि गाउने अवसर नपाएपछि उनी फेरि डुम्सीपाडा फर्कनुपरेको थियो । तर, उनको मन ठाउँमा अडिएन । गाउँ फर्केर दिदीसँग बस्दै आएका उनको दिदीसँगै ठाकठुक भएपछि फेरि गायक बन्ने हुटहुटीले काठमाडौं आए ।

उनी काठमाडौमा संघर्ष गरिरहेका बेला २०३० सालमा रेडियो नेपालले देशव्यापी गायन प्रतियोगिता आयोजना गरेको थियो । उनी सो प्रतियोगितामा उत्कृष्ट भए । स्वर्णपदक पनि जिते । तर पछि आर्थिक अभावमा उनले ६०० रूपैयाँमा स्वर्णपदक समेत बेच्नुपरेको थियो । तर, सधैं समय खराब हुँदैन । उनले त्यसपछि रेडियो नेपालमा नै करारमा जागिर पाए । यसपछि उनले रेडियो नेपालदेखि राजदबारसम्म गीत गाउने अवसर पाए । सोही क्रममा उनले 'माया मेरी साँझ बनी डोली चढी



आउँछिन्" गीत गाए । यो गीतले उनलाई गायकका रूपमा केही परिचय दियो ।

यसपछि दाम्पत्य जीवनमा बाँधिएका उनले एकपछि अर्को गीत गाए । सोही क्रममा भक्तराजले 'जति चोट दिन्छौ देऊ मायालु, मुटुभित्र साँचेर राख्ने छु" गीत गाए । यो गीतबाट उनी निकै लोकप्रिय भए । त्यसपछि भक्तराजको गायन यात्रा चुलिँदै गयो । गीत गाउँदै जाने क्रममा एउटा घटनाको सिकार भए । एक साँझ गुलाम अलीको गीत सुनेर घर फर्किने क्रममा सांघातिक हमलामा परेका भक्तराजले सो घटनापछि जेनतेन ठिक हुँदै गए । तर, सोही क्रममा उनको जिब्रोमा समस्या देखियो । पछि जिब्रोमा क्यान्सर भएको चिकित्सकले घोषणा गरेपछि उनले जिब्रो काट्नुपर्‍यो । यसपछि उनको गायन यात्रामा पूर्णविराम लाग्यो ।

उनले गाउन नसकेपछि दुई होनहार छोराहरु सत्यराज आचार्य र स्वरूपराज आचार्य बिस्तारै गायनमा आए । सत्यस्वरूप आज नेपाली सुगम संगीतमा लोकप्रिय कलाकारका रूपमा परिचित छन् । यस्ता दुई होनहार गायकका बुबा एवं तिनै गायक संगीतकार भजन शिरोमणि आचार्यको दमको समस्याका कारण निधन भयो ।

गायक आचार्यका 'मुटु जलिरहेछ', 'जति चोट दिन्छौ', 'जहाँ छन् बुद्धका आँखा', 'हजार सपनाहरूको', 'माया मेरी साँझ बिहान', 'हजार आँखा हेर्ने'लगायत थुप्रै गीतहरु लोकप्रिय छन् । उनी भजनमा पनि त्यत्तिकै पोख्त थिए । गायक आचार्यले दर्जनौंको संख्यामा भजनहरु गाएका छन् । आचार्यले करिब ४०० वटा गीतमा स्वर तथा संगीत दिएको उनका छोरा स्वरूपले जनाएका छन् । उनको जीवनीमा आधारित चलचित्र 'आचार्य' पनि बनेको थियो ।

# झापामा चैते धान खेतीमा आकर्षण

**झापा ।** आधुनिक प्रविधिको प्रयोग, माटो सुधार र स्थानीय सरकारले बीउ बिजन तथा मल खादमा समेत सहयोग गर्न थालेपछि झापामा चैते धानको खेती विस्तार हुँदै गएको छ । किसानहरूले कम लागतमा खेती गर्ने उपायको खोजी गर्न थालेका छन् । लागत कम र बढी मूल्य पाउन थालेपछि चैते धानमा किसानहरूको आकर्षण बढ्दै गएको हो । बजारको पनि सुनिश्चितता हुन थालेको छ । उत्पादित धान ठुला मिलहरु किन्ने भएपछि उत्पादन गरेको धान नबिक्ने समस्यामा कमी आउन थालेको अगुवा किसानहरूले बताउन थालेका छन् ।

कचनकवलका अगुवा किसान कन्यैलाल गणेशका अनुसार पछिल्लो समयमा आधुनिक तवरबाट धानको ब्याड राख्ने देखि लिएर मेशिनले धान रोप्ने कार्यप्रति आकर्षण बढेको छ । सुरूमा आफूहरूले खास नपत्याए पनि अहिले भने उत्पादन बढेको र उत्पादन लागत कम भएको बताए ।

झापा जिल्लामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत धान सुपर जोन क्षेत्र पनि घोषणा गरिएको थियो । २०७३ सालमा कचनकवल गाउँपालिका र भद्रपुरको केही वडा मात्रमा परियोजना लागु भए पनि २०७७ सालदेखि उक्त परियोजना झापाभर विस्तार भएपछि चैते धान खेतीमा उल्लेख्य वृद्धि भएको पाइएको छ । कृषि ज्ञान केन्द्र झापाले पनि आधुनिक प्रविधि हस्तान्तरण र उन्नत तवरले धान खेतीको प्रदर्शनी कार्यक्रम अन्तर्गत किसानलाई चैते धान रोप्नका लागि प्रोत्साहित गर्दै आएको बताइएको छ । पालिकाहरूका कृषि शाखासँग समन्वय गरेर प्रविधि प्रयोग गरेर चैते धान खेती विस्तारका लागि आवश्यक सहयोग गरिँदै आएको हो ।

कृषि ज्ञान केन्द्र झापाका निमित्त प्रमुख सागर विष्टका अनुसार कनकाई सिँचाइ आयोजना क्षेत्र लगायतका विभिन्न पालिकाहरूमा उन्नत प्रविधि प्रदर्शन कार्यक्रम अन्तर्गत मेशिनबाट धान रोपाइँ गर्न आवश्यक तयारी पुरा गरिएको छ । शिवसताक्षी नगरपालिका वडा नं. ४, गौरादह नगरपालिका वडा नं. ९, गौरीगंज गौरीगन्ज गाउँपालिका वडा १ र कमल गाउँ पालिकामा ट्रे मा धानको ब्याड राख्ने काम भएको छ ।

यस वर्षको चैते सिजनमा चैते ५ जातको धान यस प्रविधि प्रयोग गरेर रोपिने उनले बताए । उत्पादित धानको बजार सुनिश्चित पनि भएको विष्टले बताए । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई झापाका प्रमुख रवीन्द्र सुबेदीका अनुसार प्रविधि प्रयोग गरेर चैते धान खेती गर्ने किसानहरूको सत्त्या बर्सेनि बढ्दै गएको छ । पछिल्लो समयमा उत्पादन लागत मूल्य कम र बजार मूल्य सन्तोषजनक भएपछि किसानहरु यसमा आकर्षित भएको उनको भनाई छ ।

# लोकसेवा पढाउँदै अर्जुनधारा नगरपालिका



**अर्जुनधारा ।** झापाको अर्जुनधारा नगरपालिकामा लोक सेवा आयोग तयारी कक्षा शुरू भएको छ । नगरपालिकाको सामाजिक विकास शाखाको आयोजना र बिर्तामोडस्थित नोभा फाउण्डेशनको सहजीकरणमा लोक सेवाको तयारी कक्षा शुरू भएको हो । चालु आर्थिक वर्ष ०८०/०८१ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अनुसार सञ्चालन भएको उक्त तयारी कक्षाको कार्यक्रमका सभाध्यक्ष एवम् उपप्रमुख खड्गमाया पराजुलीले उद्घाटन गरेकी थिइन् ।

७० दिनसम्म सञ्चालन हुने कक्षामा ७५ जना बढी युवाको सहभागिता रहेको शाखा प्रमुख राजविक्रम खड्काले जानकारी दिए । तयारी कक्षामा सहजकर्ताहरू डा. टोकराज पाण्डे, डिजन भट्टराई, बद्री कार्की, प्रयास भट्टराई, राजेन्द्र निरौलालगायतले सहजिकरण गर्ने बताइएको छ ।

उद्घाटन कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत तिलोचन रिमाल, शनिश्चरे बहुमुखी क्याम्पसका प्रमुख मोहन ओली र फाउण्डेशनका सञ्चालक प्रकाश पराजुलीले मन्तव्य राखेका थिए ।

नगर कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक कौशीलाल परियारले स्वागत गरेको उक्त कार्यक्रमको सञ्चालन शाखाकी कर्मचारी पूष्पा पौडेलले गरेकी थिइन् ।

## देशभर...

खोक्दा वा हाच्छिउँ गर्दा निस्कने छिर्काहरूमार्फत हावाको माध्यमबाट यो भाइरस एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । शरीरमा राता बिमिरा देखा पर्नुभन्दा ४ दिन अगाडिदेखि र बिमिराहरु देखा परेको ४ दिन पछिसम्म यो भाइरस दादुरा रोगीबाट अर्को व्यक्तिमा सर्न सक्ने निर्देशिकामा उल्लेख छ ।

### के हो रूबेला रोग ?

रूबेला रोग आरएनए भाइरसबाट लाग्ने संक्रामक रोग हो । निर्देशिका अनुसार यो भाइरसबाट संक्रमण हुँदा दादुरामा जस्तै शरीरमा राता बिमिरा देखा पर्न सक्छन् र हल्का ज्वरो आउन सक्छ । यो रोग बालबालिका र वयस्कमा देखा पर्न सक्ने निर्देशिकामा उल्लेख छ । यदि गर्भावस्थाको पहिलो तीन महिनामा महिलालाई रूबेला संक्रमण भएमा ती महिलाबाट जन्मिने शिशु विभिन्न प्रकारका जन्मजात विकृति भएर जन्मिने, गर्भपतन हुने वा मृत बच्चा जन्मिन सक्ने जनाइएको छ, जसलाई कन्जेनिटल रूबेला सिण्ड्रोम भनिन्छ ।

### कसरी सर्छ ?

रूबेला रोग लागेको व्यक्तिको श्वास प्रश्वासबाट (जस्तै– खोक्दा, हाच्छिउँ गर्दा) यो रोगको भाइरस अर्को व्यक्तिमा सर्न सक्छ । रूबेला रोगका भाइरसहरु नाक र घाँटीमा वृद्धि हुन्छन् र शरीरको अन्य भागमा सर्दछन् । शरीरमा बिमिरा देखापर्नु भन्दा ७ दिन अगाडिदेखि बिमिरा देखिएको ५ दिनसम्म यो रोगका भाइरस अन्य व्यक्तिमा सर्न सक्छन् । कन्जेनिटल रूबेला सिण्ड्रोम भएर जन्मेको बच्चाले १२ महिनाको उमेरसम्म यो भाइरस अरूलाई सार्न सक्ने निर्देशिकामा उल्लेख छ ।

### दादुरा र रूबेला रोगको उपचार के छ ?

दादुरा र रूबेला रोगको हालसम्म निश्चित औषधि उपचार छैन । जटिलताको कारणबाट मुत्यु पनि हुनसक्ने भएकाले यी रोगको उपचार यसका लक्षण वा जटिलता अनुसार गर्नु पर्ने चिकित्सकले सुझाएका छन् । तोकिएको उमेरमा दादुरा र रूबेला रोग विरूद्धको खोप दिनु नै यो रोगबाट बच्ने एकमात्र प्रभावकारी एवं भरपर्दो उपाय रहेको उनीहरूको भनाइ छ । यी रोगविरूद्ध दिइने खोप नियमित खोप सेवाको माध्यमबाट ९ महिनाको उमेरमा पहिलो मात्रा र १५ महिनाको उमेरमा दोस्रो मात्रा लगाउनु पर्ने निर्देशिकामा उल्लेख छ ।

### कहिलेदेखि लगाइन्छ दादुरा खोप ?

नेपालमा दादुरा खोपको सुरूवात सन् १९८८ देखि भएको पाइन्छ । त्यसबेलादेखि नियमित खोपसेवाको माध्यमबाट बालबालिकालाई ९ महिनाको उमेरमा दादुरा खोप प्रदान गर्न गरिँदै आएको निर्देशिकामा उल्लेख छ । सन् २०१३ देखि ९ महिनाका बालबालिकालाई रूबेला खोप दिन सुरू गरियो, जसअनुसार नियमित खोप सेवाको रूपमा दादुरा–रूबेला खोप प्रदान गरिँदै आएको छ । सन् २०१५ देखि नियमित खोप सेवामा दादुरा–रूबेला खोपको दोस्रो मात्रा दिने कार्य सुरूवात गरियो, जसअनुसार १५ महिनाको उमेरमा दादुरा–रूबेला खोपको दोस्रो मात्रा दिइँदै आएको छ ।

### सन् २०२६ सम्म दादुरा र रूबेला रोग निवारण गर्ने सरकारी लक्ष्य

सरकारले २०२६ सालसम्म दादुरा र रूबेला रोग निवारण गर्ने लक्ष्य लिएको छ । यो खोपको पहुँच ९५ प्रतिशत स्थानीय तहमा पुर्‍याउने उल्लेख छ । यसका लागि सरकारले चालु आर्थिक वर्षमा देशभरि नै दादुरा–रूबेला खोप अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । विगत एक वर्षमा दादुरा रोगको महामारी भएको स्थान र दादुरा रोगका बिरामीको उमेरलाई विश्लेषण गररे यस अभियानमा दादुरा–रूबेला खोप प्रदान गर्ने लक्षित समूहको आधारमा जिल्लालाई २ समूहमा विभाजन गरेको जनाइएको छ ।

पहिलो समूहमा दादुरा–रूबेलाका लागि उच्च जोखिम भनी पहिचान गरिएका तराईका २१ जिल्ला र काठमाडौँ उपत्यकाभित्रका ३ जिल्ला गरी २४ जिल्ला छन् । दोस्रो समूहमा बाँकी ५३ जिल्ला रहेको निर्देशिकामा उल्लेख छ । यो अभियान मार्फत ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिकाको नियमित खोपको अवस्था पहिचान गरेर छुट खोपको मात्रा प्रदान गरिने भएको छ ।

# वित्तीय सुशासन कायम नगरेका १९९ पालिकाले विकास बजेट नपाउने !

**काठमाडौँ ।** वित्तीय अनुशासन कायम नगरेका करिब दुई सय स्थानीय तहको विकास बजेट रोक्का हुने सम्भावना बढेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (एफआरए) मा ७५३ मध्ये १९९ वटा स्थानीय तह नपरेकाले बजेट कटौती हुने देखिएको हो ।

मन्त्रालयका प्रवक्ता भट्टराईले एफआरएभित्र नपरेकाको हकमा समानीकरण हुने बजेट तलमाथि पर्ने बताए । 'जुनजुन पालिकाको एफआरए भएको छैन, उनीहरूले वित्तीय सुशासन कायम नगरेको भनेर बुझिन्छ । बजेट पठाउँदा त्यही अनुसार मूल्याङ्कन गरेर सिफारिस गरिन्छ' उनले भने ।

जिल्ला समन्वय समितिमार्फत हरेक वर्ष मन्त्रालयले एफआए गर्दै आएको छ । यो वर्ष ५५४ वटा पालिकाको मात्र एफआरएको नतिजा प्रकाशन भएको छ । १०० नम्बरको मूल्याङ्कनमा यो पटक उच्चतम ९९ र न्यूनतम १६ अंक दिइएको छ । चितवनको खैरहनीले उच्चतम अंक र रौतहटको बौधीमाई नगरपालिकाले न्यूनतम अंक पाएका छन् । एफआरएमा परेका पालिकाहरूले यो पटक लेखांकन तथा प्रतिवेदनलाई विशेष जोड दिएका थिए भने अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण कम महत्व दिएका थिए ।

मन्त्रालयका अनुसार पालिकाको पृष्ठपोषण सहित जिल्ला समन्वय समितिबाट ५७० वटा पालिका प्रारम्भिक नतिजा निकालिएको थियो । तर सबै प्रक्रिया पुरा गरेका ५५४ वटा पालिकाको मात्र अन्तिम नतिजा मन्त्रालयले प्रकाशन गरेको हो ।

# यार्चागुम्बाको निर्यात दोब्बरले बढ्यो

**झापा ।** मुलुकमा उत्पादन हुने बहुमूल्य जडीबुटीका रूपमा रहेको यार्चागुम्बाको निर्यात दोब्बरले बढेको छ । भन्सार विभागको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको सात महिनामा (साउन–माघ) ६० करोड ६१ लाख ८५ हजार रूपियाँ बराबरको एक हजार २४६ किलो यार्चागुम्बा निर्यात भएको छ ।

गत वर्ष सो अवधिमा ३१ करोड ४७ लाख ३४२ हजार रूपियाँ बराबरको ५०७ केजी निर्यात भएको थियो । गत वर्षको तुलनामा चालु आवको सात महिनामा दोब्बरले यार्चागुम्बा निर्यात भएको विभागको तथ्याङ्कले देखाएको छ । नेपालको हिमाली जिल्लामा उत्पादन हुने यार्चागुम्बा बहुमूल्य जडीबटीका रूपमा रहेको छ । नेपालमा उत्पादन भएको यार्चागुम्बा महँगो मूल्यमा विदेश निर्यात हुने गरेको छ । आन्तरिक बजारमा खपत न्यून भए पनि अधिकांश उत्पादित यार्चागुम्बा विदेशमै निर्यात हुने गरेको छ । यार्चागुम्बा औषधीका रूपमा प्रयोग गरिन्छ ।

चीन, अस्ट्रेलिया, इटाली, जर्मनी, फ्रान्स, कम्बोडिया, मलेसिया, मङ्गोलिया, सिङ्गापुर, अमेरिका, भियतनामलगायतका देशमा यार्चागुम्बा निर्यात हुने गरेको छ । विभागका अनुसार चालु आवको सात महिनामा सबैभन्दा धेरै यार्चागुम्बा कम्बोडियामा चार करोड २० खाल रूपियाँ बराबरको ८४ किलो यार्चागुम्बा निर्यात भएको छ । यस्तै हङकङमा ३९९ केजी २६ करोड २४ लाखको निर्यात भएको छ । यार्चागुम्बा जडीबुटी, औषधी तथा महँगो किसिमको रक्सी बनाउनमा प्रयोग हुने गरेको छ । नेपालमा पाइने सात सयभन्दा बढी औषधिजन्य जडीबुटीमध्ये सबैभन्दा मूल्यवान् औषधी यार्चागुम्बा पनि हो ।

## कोशीमा वन रक्षक पदमा दरखास्त माग

**झापा ।** कोशी प्रदेश लोक सेवा आयोग प्रदेश निजामती सेवाअन्तर्गत प्राविधिक तर्फका प्रदेश वन सेवा अन्तरगतको जनरल फरेष्ट्री समूहको आधारभूत तहमा वन रक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन प्रकाशित गरेको छ । प्रदेश निजामती सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिएको हो ।

तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत आवेदन दिनुपर्नेछ । सेवाका शर्त र तलब तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ । परीक्षामा शारीरिक परीक्षण, तन्दुरूस्ती परीक्षा, लिखित परीक्षा र अन्तर्वार्ता लिइनेछ । शारीरिक परीक्षण, तन्दुरूस्ती परीक्षा तथा लिखित परीक्षाको परीक्षा केन्द्र आयोगले पछि सूचना प्रकाशन गरे बमोजिम हुनेछ ।

प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रू. ३०० (तीन सय मात्र) बुझाउनुपर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा प्रत्येक थप समूहका लागि रू. १०० (एक सय) थप दस्तुर बुझाउनुपर्नेछ ।

# इलाम २ मा १५ वैशाखमा उपचुनाव

**इलाम ।** प्रतिनिधिसभा सदस्यका लागि इलाम क्षेत्र नम्बर २ मा १५ वैशाखमा उपनिर्वाचन हुने भएको छ । निर्वाचन आयोगको बैठकले २०८१ वैशाख १५ गते शनिबार उपचुनाव गर्ने निर्णय गरेको हो । यो क्षेत्रबाट निर्वाचित तत्कालीन प्रतिनिधिसभा सदस्य नेकपा एमालेका नेता सुवासचन्द्र नेम्वाङको २६ भदौमा निधन भएको थियो ।

यस्तै बझाङको प्रदेशसभा निर्वाचन क्षेत्र नं १ मा पनि १५ वैशाखमै उपचुनाव हुनेछ । यस क्षेत्रबाट निर्वाचित प्रदेशसभा सदस्य नेपाली कांग्रेसका पृथ्वीबहादुर सिंहको २५ असार २०८० मा गाडी दुर्घटनामा निधन भएको थियो । सरकारको परामर्शमा उपनिर्वाचनको मिति निर्धारण गरिएको आयोगले जनाएको छ ।


आयस्था निर्माण सेवा
बुद्धशान्ति-3, झापा

बाटो, घर निर्माण, ग्राभेल गर्न, जमिन सम्याउन, पाइपलाइन बिस्तार गर्न साथै निर्माण सम्बन्धी कामका आवश्यक सम्पूर्ण सामाग्रीहरुको ठेक्का कार्यको लागि हामीलाई सम्झनु होला ।



प्रो. झरेन्द्र श्रेष्ठ । सम्पर्क नं. ९८१७९९८३०६


## 'प्लाइउड' रोक्ने भारतीय नीतिले उद्योगी मारमा

**झापा ।** भारतले अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड (आइएसओ) को निहुँ बनाएर नेपालमा उत्पादित प्लाइउड रोक्ने नीति अघि सारेपछि नेपाली भेनियर व्यवसायी चिन्तित बनेका छन् । भारततर्फ निकासी हुने नेपाली सामानमा प्लाइउडको महत्वपूर्ण हिस्सा रहँदै आएको छ । भारतले प्लाइउड निर्यात रोकेमा पूर्वी नेपालको झापा, मोरङ, सुनसरी र इलाममा सञ्चालित दर्जनौं भेनियर उद्योग बन्द हुनेछन् भने त्यहाँ कार्यरत ६० हजारले रोजगारी गुमाउने सम्भावना छ ।

भारतले अन्तर्राष्ट्रिय गुणस्तरीय मापदण्ड प्रमाणित नभएका नेपाली प्लाइउडलाई यही फेब्रअरी २८ तारिखदेखि आयात हुन नदिने जनाउँदै आएको छ ।


एस.के. टेड्र्स बिर्तामोड




कपडाका लागि हामीलाई सम्झनुहोस् ।
हामीकहाँ सबै प्रकारका कपडाहरु
होलसेल तथा खुद्रा
मुल्यमा उपलब्ध छ ।
ग्राहकको सेवा नै हाम्रो सन्तुष्टि हो ।
प्रो. सन्दिप गौतम
फोन नं. ९८४४६४५०३५
बिर्तामोड-४, (कृष्णहल रोड झापा)

प्रो अर्जुन ढकाल
सुभद्रा ढकाल
मो. ९८५२६५५२८१
९८४२६५३२३१
होक्से क्लिनिक एण्ड डाईग्नोष्टिक सेन्टर प्रा.लि.
बुद्धशान्ति-१, नमुना चौक, झापा
फोन नं. ०२३-५५५२२९
यहाँ रगतद्वारा सुगर, थाईराइड, युरिक एसिड, मृगौला तथा कलेजोको जाँच साथै दिशा-पिसाब जाँच तथा एक्सरे, भिडियो एक्सरे सेवा उपलब्ध छ ।

"वन डढेलो नियन्त्रण गरौं, जैविक विविधताको संरक्षण गरौं"

सुख्खायाम लागेसँगै वन जंगलमा डढेलो लगाईने गतिविधि जिम्मेवार नागरिकका लागि अशोभनीय कार्य हुन्। जिम्मेवार नागरिकहरुले यस्ता कार्यको विरुद्ध सबैलाई सचेत गराऔं। वन जंगल तपाई हामी सबैको साझा सम्पति हो। सबै मिलि यसको संरक्षण गरौं। वातावरण संरक्षण तपाई हाम्रै जिम्मेवारी हो।


अनुरोधकर्ता :
आर्दश नमुना सामुदायिक वन उपभोक्ता समूह
बुद्धशान्ति, झापा

बि एण्ड बि क्याटरिङ एण्ड टेण्ट हाउस

विवाह, पार्टी, ब्रतबन्ध, पुराण, बनभोज, पास्नी, गुन्युचोली, सभा-समारोह सबै कार्यक्रममा स्तरीय, स्वादिष्ट खाना र रोजाइ अनुसारको परिकारका लागि सधैं सम्झनुहोस् ।

हाम्रा सेवाहरु :
क्याटरिङका आधुनिक र स्तरीय सामग्री, दक्ष अनुभवी कालीगढ, टेण्टका सम्पूर्ण सेट, शुद्धता, सरसफाई र क्याटरिङको आर्कषक उत्कृष्ट सजावट ।

*नोट : साउण्ड सिस्टम, डिजेको समेत सुविधा छ।*



प्रो. सोमनाथ भट्टराई
मो.नं. ९८४२६९९२१४/९८१५०५१८५२/९८१२८६५२५३
बुद्धशान्ति-३, बुधबारे (झापा) ।

अस्मिता ज्वेलर्स
बुद्धशान्ति-३, बुधबारे झापा
शाखा साविक बुधबारे ७ नं चोक
प्रो. धन बहादुर लकान्द्री : ९८४२७६१७६०
प्रो. अभिशेक लकान्द्री : ९८१५९८५३९७
यहाँ सुनचाँदीका आकर्षक गरगहनाहरु अर्डर बमोजिम ग्यारेन्टीका साथ तयार गर्नुका साथै खरिद-बिक्री गरिन्छ ।


## तपाईंको साताको राशिफल




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
यो साता धार्मिक यात्राको योग छ। आफ्नो चलाख्याईंले गर्दा सत्तल्प सिद्ध हुनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। रोकिएका कामको पुनः थालनी हुनेछ। मध्य सातामा मनमा छटपटी बढ्नाले दुबिधा रहला।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। नजिकैका व्यक्तिबाट कार्यमा बाधा आउनसक्छ। स्वास्थ्य प्रति सजग रहनु पर्छ। मध्य सातामा वैदेशिक क्षेत्रको कामहरू अघि बढ्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
यो साता समाजसेवामा मन लाग्नेछ। सफल यात्रा हुनेछन्। कलकारखाना र बन्दव्यापार पुनः सुचारु हुनेछन्। शेयर बजारले साथ दिनेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। गरेको कार्यमा सफलता पनि मिल्नेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
यो साता एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। रोकिएका अधुरा कामहरू पुरा हुनसक्छ। राज्यबाट सहयोग मिल्ने देखिन्छ। शेयर बजारबाट पनि राम्रै लाभ मिल्न सक्छ। साताको उत्तरार्धबाट पढाई लेखाइमा बाधा आउनसक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
यो साता नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनसक्छ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। प्रेमीले नयाँ स्थानको भ्रमण गर्ने प्रस्ताव राख्न पनि सक्छन्।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
यो सातामा मानसिक चिन्ता र चञ्चलता बढेको महसुस हुनेछ। अनावश्यक ठाउँमा धन खर्च होला। शत्रुपक्ष पनि हावी हुन सक्नेछन्। साताको मध्यबाट भने एउटै कामबाट दोहोरो लाभ मिल्न सक्छ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
यो हप्ता बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ। नयाँ र शुभ समाचार सुन्न पाइनेछ। राजनैतिक र सामाजिक कार्यमा मन जाला। प्राविधिक कार्यमा प्रगति हुनेछ। राजनैतिक क्षेत्र र समाजमा कीर्ति वृद्धिका योग पनि देखिन्छन्।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
यो साता धर्मकर्म तथा समाजसेवामा मनलाग्ने छ। सफल यात्राको योग छ र शत्रु पराजित हुनेछन्। पारिवारिक साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुने देखिन्छ। आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
यो साता कार्यमा सफलता पाइनेछ। कतै घुम्न जाने योजना बन्न सक्छ। प्राविधिक काममा सफलता मिल्नेछ। पार्टी तथा सेमिनारमा सहभागी भइएला। नयाँ काम प्रारम्भ गर्न सकिनेछ।

**मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)**
यो साता स्वास्थ्यप्रति सजग रहनु होला। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला। राजनैतिक कार्यमा बाधा आउनेछ। कुनै कुराले चित्त पनि दुख्न सक्छ। मध्य साताबाट प्रेमीले नयाँ स्थानको भ्रमण गर्ने प्रस्ताव राख्न पनि सक्छन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
यो साता रोकिएका काम पुनः सुरु हुन सक्छन्। बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कार्य सम्पादन हुन सक्छ। मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
यो साता अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ। रोकिएका अधुरा कामहरू पुरा हुनसक्छ। वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला।